स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म 'धागो'को पहिलो गीत 'ट्याउँ ट्याउँ' सार्वजनिक गरिएको छ। गायक पुष्पन प्रधान र गायिका आकाङ्क्षा थापाको स्वर रहेको गीतमा शब्द र सङ्गीत पनि पुष्पन प्रधानकै छ। रोमान्टिक शैलीको गीतमा अभिनेता बुद्धि तामाङ, अभिनेत्री वर्षा राउत, सुरक्षा पन्त, प्रभात थापा र सुरभि थापा लगायतका कलाकारहरू देखिएका छन्।

आजको विचार...



सामाजिक...
(दुई पेजमा)

(दुई पेजमा)

चिरञ्जीवी अधिकारी



अभिनेता भुवन केसीले ६ वर्ष अगाडि निर्माण गर्ने घोषणा भएको फिल्म हो 'पारस' । यो फिल्म अहिले निर्देशक कृष्ण चौलागाईंले बनाउने भएकी छन् । जसका लागि उनले हाले चलचित्र विकास बोर्डबाट निर्माण इजाजत समेत लिएकी छन् । सुरुमा यो नामबाट फिल्म निर्माता माधव वाग्लेले आफैंले निर्देशन गर्ने गरी घोषणा गरेका थिए । घोषणा भएको केही समयपछि फिल्मको सम्पूर्ण स्वामित्व अभिनेता भुवन केसीलाई दिएर निर्माता वाग्ले फिल्मबाट अलग भएका थिए ।

❐ वर्ष ३१ ❐ अंक ५२ ❐ २०८२ भदौ २२ गते आइतबार 7 September 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### सिड्नीमा 'सार्क' को आक्रमणबाट एकको मृत्यु

(रासस/एएफपी)

**सिड्नी,** भदौ २१/अस्ट्रेलियाको उत्तरी सिड्नीको समुद्री किनारमा शनिबार एउटा शङ्कास्पद 'सार्क'ले एक व्यक्तिलाई किच्दा मृत्यु भएको अस्ट्रेलियाली प्रहरीले जनाएको छ । न्यु साउथ वेल्स प्रहरीले एक विज्ञप्ति जारी गर्दै ती व्यक्तिलाई बिहानै समुद्रबाट 'लङ रिफ बिच'स्थित किनारमा लगिएको तर घटनास्थलमै उनको मृत्यु भएको जनाएको छ । "उत्तरी समुद्री तटमा सार्कको टोकाइबाट एक व्यक्तिको मृत्यु भएको छ," प्रहरीले भनेको छ । मृतकको नमूना फोरेन्सिक परीक्षणको लागि पठाइएको छ । सन् २०२२ मा लिटिल बेमा ३५ वर्षीय बेलायती डाइभिङ प्रशिक्षक सिमोन नेलिस्टको मृत्यु भएपछि सिड्नीमा सार्क आक्रमणको यो पहिलो घातक आक्रमण हो । यसअघि सन् १९६३ मा सो सहरमा सार्कले व्यापक आक्रमण गरेका थिए । पछिल्लो आक्रमणपछि उत्तरी उपनगर म्यान्ली र नार्राबीनबीचको प्रशान्त महासागरका समुद्री तटहरू 'अर्को सूचना नभएसम्मका लागि' बन्द गरिएको छ ।

# गाउँमा बुढापाका र बालबालिका मात्रै छन्

रासस

**ढोरपाटन (बागलुङ),** भदौ २१/ बागलुङका धेरैसजो ग्रामीण क्षेत्र बसाइँसराइका कारण सुनसान बन्दै गएका छन् । बसाइँसराइले गाउँ मात्रै सुनसान भएका छैनन् । पहिले धान, गहुँ र मकै फल्न खेतीयोग्य जमिन पनि अहिले उराठिलो बनेका छन् । कतै सिउँडी पलाएका छन्, त कतै वनमाराले ढाकिएका छन् । ताल्चा ठोकेको घर पनि चिरिएर रुग्ण बनेका छन् ।

खास गरी जिल्लाको काठेखोला गाउँपालिका, जैमिनी, गलकोट नगरपालिकामा बसाइँसराइ गरे सहर बजार झर्नेको संख्या धेरै छ । अहिले गाउँमा बुढापाका र बालबालिका मात्रै छन् । युवा शक्ति पनि विदेश पलायन भइरहेका छन् । यसले गर्दा वर्षेनी उर्वर जमिन बाँझोमा परिणत हुँदैछ । बसाइँसराइ र जनशक्तिको विदेश मोहको असर उत्पादनमा परेको छ । बागलुङमा कूल एक लाख ७८ हजार ४०६ हेक्टर



जमिन रहेको छ । त्यसमध्ये ४६ हजार १४८ हेक्टर जमिनमा खेती गर्न सकिन्छ । हाल ३० हजार ५०३ हेक्टर जमिनमा मात्रै खेती भइरहेको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिए । कूल जमिनको २५ प्रतिशत मात्रै खेती योग्य जमिन रहेकोमा अहिले १७ प्रतिशत जमिनमा मात्र खेती हुने गरेको अधिकारीले बताए । बागलुङमा १५ हजार ६४५ हेक्टर जमिन बाँझो रहेको उनको भनाइ छ । आगामी वर्ष अझै घट्ने संभावना रहेको अधिकारीले बताए । खेतबारीमा काम गर्ने जनशक्ति विदेशिने र बजार झर्ने गर्दा खेतीयोग्य जमिन बाँझो हुँदै गएको उनी बताउन्छन् । आगामी वर्षहरुमा बाँझो जमिन थप बढ्दै जाने संभवना रहेको उनले सुनाए । उनले भने, "बागलुङ जिल्ला भरि ४६ हजार १४८ हेक्टर जमिनमा खेतीयोग्य जमिन छ, तर अहिले जम्मा ३० हजार ५ सय ३ हेक्टरमा मात्रै खेती भइरहेको छ, यो संख्या पनि अझै घटिरहेको छ, १४ हजार ६२५ हेक्टर जमिन बाँझो छ भने एक हजार २० हेक्टर जमिनमा खती नगरि अन्य प्रयोगनका लागि प्रयोग भएका छन्, जबसम्म गाउँबाट बजार झर्ने र विदेश पलायन हुने अवस्था रोकिदैन तबसम्म खोतीयोग्य जमिन बाँझौंमा परिणत हुँदै जाने संभावना बढेको छ ।" जैमिनी -४ की देवी शर्माले बारीमा काम गर्ने मान्छे नहुँदा अहिले आफ्नो ८० प्रतिशत खेती गर्ने बारीमा झाडी पलाएको बताए । छरछिमेकी बसाइँ सरेर चितवन, गैडाकोट र भैरहवा गएको उनको भनाइ छ । पहिले २० मुरी धान, २२ मुरी मकै र कोदो उत्पादन गरेको स्मरण गर्दै अहिले पाँच/सात मुरी उब्जाउन गाह्रो पर्ने शर्माले बताए । पैसा दिएर खनजोत गर्ने खेतालासमेत नपाइने उनी बताउन्छन् । "जुग जमान फेरिए, हाम्रो पालामा यो गाउँघर कति रमाइलो थियो, वरपरका खेतबारीमा धान, मकै, गहुँ उत्पादन हुन्थ्यो, बाहिरबाट केही पनि ल्याएर खान पर्दैनथ्यो, अहिले त गाउँमा गरि खाने थाले (ठाउँ) भएर पनि काम गर्ने मान्छे पाइँदैनन" उनले भने, "हेर्दाहेर्दै मेरो हात पाखुराले दुःख गरेर अन्न फलाएको ठाउँ यस्तो झाडीले ढाक्ने भयो, पछि-पछि त अहिले खेती हुने ठाउँ पनि जङ्गलमा परिणत हुन्छन् भन्ने पिर लाग्न थाल्यो ।" काठेखोला -८ लेखानीका मेघराज कँडेलले पछिल्लो १० वर्षमा गाउँका आधा बढी खेतीयोग्य जमिन बाँझो बनेको सुनाए । पहिले बारीमा उत्पादन गरेको धान बेचेरै वर्षभरी खान लाउन पुग्ने गरेको भन्दै अहिले बारी भएर पनि उत्पादन गर्न नसक्ने उनको भनाइ छ । युवा विदेश जाँदा गाउँमा बुढाबुढी मात्रै रहेको भन्दै आफूहरुले काम गर्न नसक्दा खेतीयोग्य जमिन बाँझो बनेको कँडेलले बताए । जिल्लामा कूल खेतीयोग्य जमिनको २५.८७ प्रतिशत जमिनमा मात्र सिँचाइ सुविधा पुगेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङले जनाएको छ । दुई हजार ८४१ हेक्टर जमिनमा मात्रै बाह्रै महिना सिँचाइको सुविधा रहेको छ ।


## बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

**क्रेता वा सामाग्री खरिदकर्ताले:**

-विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
-सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौ,
-विलमा मिति, विजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
-प्राप्त विल वा रसिदलाई सुरक्षित राखौं,
-विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
-कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि विल/बिजक माग्ने गरौं,

**बिक्रेताले:**

-ग्राहकलाई सामाग्री खरिद गरेको विल अनिवार्य रुपमा दिऔं,
-विल बमोजिमको सामान उपलब्ध गराऔं,

**सामान खरिद बिक्री गर्दा विल अनिवार्य लिने/दिने गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# आज निजामती सेवा दिवस मनाइँदै

**पाल्पा,** भदौ २१/आज देशभर विभिन्न कार्यक्रम गरी निजामती सेवा दिवस मनाइँदै छ । नेपालमा हरेक वर्ष भदौ २२ गतेको दिनलाई निजामती दिवसको रुपमा मनाइन्छ । तत्कालिन प्रधानमन्त्री टंकप्रसाद आचार्यले विसं २०१३ साल भदौ २२ गते निजामती ऐन ल्याएको दिन पारेर यस दिवस मनाउन थालिएको हो ।

२०६० सालदेखि यस दिवस नियमित मनाउन थालिएको छ । निजामती सेवाको आदर्श र अस्तित्व राज्यसँग प्रत्यक्ष जोडिएको हुन्छ । राज्यले आृना नागरिकलाई आफ्नो उपस्थिती र न्यायमा आधारित प्रशासनको प्रदान गर्न निजामती कर्मचारीहरुको भुमिका अतुलनिय हुन्छ । निजामती सेवाको आदर्श र यस क्षेत्रमा अन्य क्षेत्रहरुबाट ब्यवहारले सुशासन र प्रशासनप्रति जनविश्वास जाहेर गर्दछ । निजामती सेवा दिवसले



समुदायमा सार्वजनिक सेवाको मूल्यप्रति सम्मान बढाउन तथा विकास प्रक्रियामा सार्वजनिक प्रशासनको योगदानको चर्चा र प्रशंसा गर्न सक्नुपर्छ । यो दिनले कर्मचारीको कार्यसम्पादन पहिचान दिनुका अलावा बेरोजगार युवालाई सार्वजनिक प्रशासनप्रति आकर्षित गर्न वातावरण सिर्जना गर्न सक्नुपर्छ । निजामती सेवाको आदर्श र अस्तित्व राज्यसँग प्रत्यक्ष जोडिएको हुन्छ र राज्यले आफ्ना नागरीकलाई आफ्नो उपस्थिती र न्यायमा आधारित प्रशासनको प्रदान गर्न निजामती कर्मचारीहरुको भूमिका अतुलनिय हुन्छ । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# निजामती सेवा दिवसको सान्दर्भिकता

निजामती सेवा दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालमा निजामती सेवाको लामो इतिहास रहेको भए तापनि निजामती सेवा ऐन, २०१३ जारी भएको दिन 'भाद्र २२' लाई आधार मानेर सरकारले २०६१ सालदेखि यो दिवस मनाउन थालेको हो । निजामती सेवा दिवस निजामती राष्ट्रसेवक, सार्वजनिक सेवाका सेवाग्राही र आम सरोकारवालाका लागि आफैंमा महत्व राख्ने दिन हो । मुलुकी प्रशासनको मियोका रूपमा रहेको निजामती सेवा सरकारको अपरिहार्य कार्यकारी अङ्ग हो । निजामती सेवाले राज्यका अन्य सेवाहरूको तुलनामा महत्वपूर्ण भूमिका र कार्य–जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । सार्वजनिक नीति तर्जुमामा सरकारका सबै तहमा राजनीतिक नेतृत्वलाई विशेषज्ञयुक्त सहयोग पुऱ्याउँदै राज्यका नीति कार्यान्वयन गर्ने तथा सार्वजनिक सेवाप्रवाह गर्ने मूल अभिष्टले गठित यो सेवामा व्यवसायिक कर्मचारीहरू आबद्ध छन् । राज्य र जनताबीच हुने सामाजिक सम्झौताको कार्यन्वयनकर्ताका रूपमा कर्मचारी रहने हुँदा यसले ठूलो जिम्मेवारी प्राप्त गरेको हुन्छ । यी जिम्मेवारीहरू गुणस्तरीय प्रकारले सम्पादन भएकोमा गौरवान्वित हुने अवसर हो, त्यसैले यस दिवसमा वर्षभरि सम्पादन गरिएका उदाहरणीय कार्यहरूको स्मरण मात्र गरिँदैन, त्यस्ता उल्लेखनीय कार्यसम्पादनकर्तालाई सम्मान गरी आगामी वर्षका लागि अधिक कुशलतापूर्वक कर्मक्षेत्रमा प्रवेश गरी नतिजामा पुग्ने तरिकाहरूको खोजी यसै दिवसमा गरिनुपर्छ । तर त्यसो हुन सकिरहेको छैन ।

नेपालमा निजामती सेवा दिवस जुन उद्देश्य लिएर मनाउन प्रारम्भ गरिएको हो, सो प्राप्त हुन नसकी औपचारिकता पूरा गर्नमा मात्र सीमित हुँदै गएको अवस्था छ । त्यसैले, यस दिवसलाई मनाउने समग्र प्रारूपमा नै परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएको छ । अझ पछिल्लो समय कर्मचारीसँग जनताको असन्तुष्टि पाइन्छ । सरकारले 'समृद्ध नेपाल सुखी नेपाली'को नारा अघि सारे पनि कर्मचारीतन्त्रको वेवास्ताका कारण साकार हुन सकेको छैन । यसका लागि नेतृत्व तहमा रहने र कार्यान्वयन तहमा रहने सबैले सामूहिक संकल्प गर्दै सेवाप्रवाहमा इमान्दारिता साथ अग्रसर हुन आवश्यक छ । यसो भयो भने मात्र हरेक वर्ष मनाइने निजामती सेवा दिवसले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

ए जिन्दगी त सँग लड्नुको मजा नै बेग्लै, तैले रुवाउन न छाड्दैनस्,
म सधैं हारेर पनि हाँस्न छाडदिन ।

*(सोनम थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Sonam.Thapa)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सञ्जाल प्रतिबन्ध हुँदा कहाँ कहाँ पर्छ असर ?



चिरञ्जीवी अधिकारी

*सामाजिक सञ्जालको नियमन र सञ्चालनका लागि सरकार एक्लैले निर्णय गर्नुको सट्टा मल्टी–स्टेकहोल्डर (सरकार, निजी क्षेत्र, क्यान महासंघ, नागरिक समाज र स्वयं प्लेटफर्मका प्रतिनिधिहरू) सँग व्यापक छलफल गर्नुपर्छ । निर्देशन दिएर मात्र समस्या समाधान नहुने भन्दै अधिकारीले समय सुहाउँदो कानुन र नीतिहरू बनाएर प्रविधिलाई कसरी सदुपयोग गर्ने भन्नेतर्फ ध्यान दिन आवश्यक छ । क्यान महासंघ र निजी क्षेत्रले विगत २०–३० वर्षदेखि आईटी उद्योगमा गरेको लगानी र अनुभवलाई सरकारले उपयोग गर्नुपर्छ । समस्याको समाधानतर्फ लैजान ऊर्जा दिन तयार रहेको तर सरकारले समन्वय गर्नुपर्ने आवश्यकता रहेको छ ।*

नेपाल सरकारले बिहीवार सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धले देशको सूचना प्रविधि (आईटी) क्षेत्र गम्भीर असर पर्ने देखिएको छ । जसबाट लाखौं नागरिकको रोजगारी र समग्र व्यापार व्यवसायमा गहिरो र नकारात्मक प्रभाव पार्ने देखिएको छ । सरकारको यो निर्णयलाई अदूरदर्शी र राष्ट्रिय हित विपरीतको कदम चालेको छ । 'नेपाली आईटी दशक' र 'डिजिटल नेपाल'को सरकारी नारामाथि नै प्रश्नचिह्न खडा गरेको छ । सामाजिक सञ्जाल अहिले नेपालीहरूको दैनिक जीवनको अभिन्न अंग बनिसकेको छ । फेसबुक, इन्स्टाग्राम, ट्विटरजस्ता प्लेटफर्महरू केवल मनोरञ्जनका साधन होइनन् । अन्य सञ्चार, सूचना आदानप्रदान, सामाजिक सम्बन्ध कायम राख्ने र व्यक्तिगत तथा व्यावसायिक अवसरहरूको माध्यम बनेका छन् । मानिसहरूले आफ्ना सुख-दु:ख बाँड्न, महत्त्वपूर्ण जानकारी लिन-दिन र आपत्कालीन अवस्थामा समेत यी माध्यमहरूको प्रयोग गर्ने गरेको यथार्थलाई सरकारले बिर्सेको देखिन्छ । सरकार केही समय अघि टिकटकलाई नेपालमा प्रतिवन्ध लगाएको थियो । तर त्यसको ठूलो प्रभाव नपरे पनि ६ महिनापछि फुकुवा गरेको थियो । अहिलेको २६ भन्दा बढी सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धलाई टिकटकमाथिको प्रतिबन्धसँग तुलना गर्न मिल्दैन । टिकटक मुख्यतया मनोरञ्जन केन्द्रित प्लेटफर्म भए पनि फेसबुकजस्ता माध्यमहरू व्यावसायिक गतिविधि, शिक्षा, स्वास्थ्य र सामाजिक परिचालनका लागि समेत व्यापक रूपमा नेपालमा प्रयोग भइरहेको छ । घरमा कोही मर्दा पर्दा मलामी जान समेत फेसबुक प्रयोग गरिन थालेको छ । जसले सामाजिक सञ्जाल नेपाली समाजमा कति गहिरोसँग जरो गाडेको छ भन्ने देखाउँछ । यसरी जीवनको हरेक पाटोमा जोडिएका प्लेटफर्महरूलाई अचानक बन्द गर्दा त्यसले सामाजिक, मानसिक र आर्थिक रूपमा गम्भीर असर पार्ने देखिन्छ ।

**आईटी इकोसिस्टममा धक्का र नवप्रवर्तनमा अवरोध :** सरकारले एकातर्फ 'नेपाली आईटी दशक' घोषणा गर्दै सूचना प्रविधिबाट समृद्धि ल्याउने सपना बाँडेको छ भने अर्कोतर्फ आईटी क्षेत्रकै मेरुदण्ड मानिने सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएर विरोधाभासपूर्ण नीति लिनु राम्रो होइन । सरकारको यस कदमले नेपालको समग्र आईटी इकोसिस्टममा ठूलो धक्का पुग्ने र नवप्रवर्तनको वातावरण बिग्रने निश्चित छ । यसको ज्वलन्त उदाहरणका रूपमा हामीले 'हाम्रो पात्रो' नामक नेपाली एप पनि पर्नु हो । हाम्रो पात्रो कुनै सामान्य एप नभई विश्वव्यापी रूपमा नेपालीहरूले प्रयोग गर्ने, गैरआवासीय नेपाली (एनआरएन)हरूका लागि समेत महत्वपूर्ण रहेको र सबैभन्दा धेरै डाउनलोड भएका नेपाली एपहरूमध्ये एक रहेको छ । हाम्रो पात्रो एक सफल नेपाली उत्पादन हो । यसलाई समेत बन्दको सूचीमा राख्नुले युवा उद्यमीहरूलाई गलत सन्देश गएको छ । यो नेपालको पुल्चोक इन्जिनियरिङ कलेजका युवाले सोचेको साना सपना हो । यस्ता सपनाहरूमाथि प्रतिबन्ध लगाउनु भनेको देशको भविष्यमाथि नै प्रश्नचिह्न खडा गर्नु हो । सरकारको यो कदमले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको विश्वासमा कमी आउँछ । नेपालमा सूचना प्रविधि क्षेत्रमा लगानी गर्न हिचकिचाउने अवस्था आउन सक्ने खतरा बढेको छ । आईटी क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार, नीतिगत स्थिरता र विश्वासको वातावरण कमजोर हुँदा यसले लामो समयसम्म नकारात्मक असर पार्न सक्ने हुन्छ ।

**रोजगारी र आर्थिक उपार्जनमा भयावह असर :** सामाजिक सञ्जालमाथिको प्रतिबन्धले रोजगारी सिर्जना र आर्थिक उपार्जनमाथि भयावह असर पार्ने देखिन्छ । विशेषगरी, युवा वर्ग जो सामाजिक सञ्जाललाई माध्यम बनाएर स्वरोजगार बनेका छन् र डलरमा आम्दानी गरिरहेका छन्, उनीहरू प्रत्यक्ष मारमा पर्नेछन् । एउटा युवाले घरमा बसेर सामाजिक सञ्जालको प्रयोग गरेर ५० हजार, १ लाख, डेढ लाख, २ लाख कमाउने गरेका थिए । २ लाखसम्म आम्दानी गर्ने सोसल मिडिया एउटा प्लेटफर्म बनेको थियो । जसमा इन्स्टाग्राम, युट्युबजस्ता प्लेटफर्मबाट कन्टेन्ट बनाएर नेपालीहरूले ५० हजारदेखि १ लाख भ्यूज पुऱ्याएर ४०० डलरसम्म कमाउने गरेको उदाहरण छन् । यस्ता हजारौं युवाहरूको आम्दानीको स्रोत बन्द हुँदा उनीहरूको जीवनयापनमा संकट आउने र यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने देखिन्छ । कतिपय साना तथा मझौला व्यवसायीहरू (एसएमई) र स्टार्टअपहरूले सामाजिक सञ्जाललाई आफ्ना उत्पादन तथा सेवाको प्रचारप्रसार र बिक्रीका लागि प्रमुख माध्यम बनाएका छन् । विज्ञापन, ग्राहक सेवा, अनलाइन व्यापार र बजारीकरणका लागि यी प्लेटफर्महरू अपरिहार्य बनिसकेका छन् । सरकारले लगाएको प्रतिबन्धले उनीहरूको व्यापार व्यवसाय धराशायी बनाउनेछ । यसअघि पनि आईटी क्षेत्रमा अवसर नपाएर २ हजार देखि २ हजार ५ सय आईटी क्षेत्रका जनशक्तिहरु भारतमा काम गरिरहेका छन् । सरकारको यस कदमले बेरोजगारी बढाउने र थप नेपालीहरूलाई विदेशिन बाध्य पार्ने अवस्था देखिन्छ ।

**प्रतिबन्ध होइन, नियमन र सहकार्य आवश्यक :** सरकारको नियन्त्रणमुखी सोच र प्रतिबन्धको नीति गलत भएको छ । सामाजिक सञ्जाललाई पूर्ण रूपमा बन्द गर्नुको सट्टा प्रभावकारी नियमन गर्ने र सरोकारवालाहरूसँग सहकार्य गर्नेतर्फ सरकार लाग्नुपर्ने थियो । कन्टेन्टमा रेगुलेट गर्ने हो र त्यो कम्पनीहरूसँग साझेदारी गर्नका लागि एउटा टिम खडा गर्नु थियो । तर सरकारले त्यो काम नगरेर उल्टो बाटोमा सरकार गएको देखिन्छ । आईटी व्यवसायीहरु नेपालको कानुन मान्नुपर्छ भन्ने कुरामा आफूहरू सकारात्मक भए पनि प्लेटफर्म र प्रविधिलाई नै बन्द गर्नुपर्छ भन्ने कुरामा कुनै पनि सूचना प्रविधिका विद्यार्थी, विज्ञ वा अभियन्ता सकारात्मक छैनन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मार्क जुकरबर्गसँग भेटेर भारतीय बजारको आवश्यकता र नियमहरूबारे छलफल गरेका छन् । तर नेपाल सरकारले पनि सोही अनुरुपको कूटनीतिक पहल गर्नुपर्ने थियो । तर सरकार एकपक्षीय निर्णय गरेको छ । त्यस्तो गर्नुको सट्टा, फेसबुक, ट्विटरजस्ता प्लेटफर्मका प्रतिनिधिहरूसँग वार्ता गरेर उनीहरूलाई नेपालमा दर्ता हुन, कर तिर्न र स्थानीय कानुनको पालना गर्न प्रोत्साहित गर्नुपर्ने थियो ।

**सरकारको भूमिका र समग्र रणनीतिको आवश्यकता :** सरकारको अहिलेको अप्रोच (पहुँच) अलिकति नपुगेको देखियो । अन्य विकल्प नदिई सीधै प्रतिबन्ध लगाउनु गलत भएको र नेपालको इन्भाइरोमेन्ट, आईटी इकोसिस्टम र कल्चरलाई बुझ्न जरुरी छ । चाइना ले बन्द गर्यो, फेसबुक भनेर हामीले बन्द गर्ने स्थिति छैन । चीनको आफ्नै प्लेटफर्महरू छन् । तर नेपालमाको त्यो अवस्था छैन । सरकारले स्वदेशी स्टार्टअपहरूलाई प्रोत्साहन गर्न आफ्नै प्लेटफर्म सिर्जना गर्न वा ठूला लगानीकर्ताहरूसँग साझेदारी गरेर यस्तो वातावरण बनाउन सक्नुपर्छ ।

सामाजिक सञ्जालको नियमन र सञ्चालनका लागि सरकार एक्लैले निर्णय गर्नुको सट्टा मल्टी–स्टेकहोल्डर (सरकार, निजी क्षेत्र, क्यान महासंघ, नागरिक समाज र स्वयं प्लेटफर्मका प्रतिनिधिहरू) सँग व्यापक छलफल गर्नुपर्छ । निर्देशन दिएर मात्र समस्या समाधान नहुने भन्दै अधिकारीले समय सुहाउँदो कानुन र नीतिहरू बनाएर प्रविधिलाई कसरी सदुपयोग गर्ने भन्नेतर्फ ध्यान दिन आवश्यक छ । क्यान महासंघ र निजी क्षेत्रले विगत २०-३० वर्षदेखि आईटी उद्योगमा गरेको लगानी र अनुभवलाई सरकारले उपयोग गर्नुपर्छ । समस्याको समाधानतर्फ लैजान ऊर्जा दिन तयार रहेको तर सरकारले समन्वय गर्नुपर्ने आवश्यकता रहेको छ । सामाजिक सञ्जालमाथिको सरकारी प्रतिबन्धले नेपालको सूचना प्रविधि क्षेत्रमाथि गहिरो संकट निम्त्याएको स्पष्ट पारेको छ । यसले लाखौंको रोजगारी खोस्ने, व्यापार व्यवसायमा असर पार्ने र नवप्रवर्तनको वातावरणलाई ध्वस्त पार्ने खतरा छ । सरकारले 'डिजिटल नेपाल'को सपना साकार पार्ने हो भने प्रतिबन्धको साटो नियमन, सहकार्य र दूरदृष्टि अपनाउनैपर्ने छ । सरकारले तत्काल यो निर्णयमा पुनर्विचार गर्न, सरोकारवालाहरूसँगको सहकार्यमा ठोस र व्यावहारिक समाधान खोज्न र नेपालको डिजिटल भविष्यलाई सुरक्षित गर्न आवश्यक छ । यदि सरकारले निजी क्षेत्र र विज्ञहरूको आवाजलाई बेवास्ता गरेर अगाडि बढ्ने हो भने यसले सूचना प्रविधि उद्योगलाई मात्र नभई देशको समग्र आर्थिक र सामाजिक विकासमा समेत अपूरणीय क्षति पुऱ्याउँछ । नेपालले विकसित राष्ट्रहरूबाट सिक्दै प्रविधिलाई शत्रु नभई मित्रका रूपमा हेर्नुपर्छ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक सद्भाव बढ्नेछ। आफन्तहरूको सहयोगले मन प्रसन्न रहनेछ। | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । |
| **वृष** : आँटेका काम पूरा हुनाले मन प्रसन्न रहनेछ। धन प्राप्तिको योग रहेको छ। | **वृश्चिक** : यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** : कार्यक्षेत्रमा आर्थिक लाभ र हनेछ। प्रेम सम्बन्धमा सुमधुरता आउनेछ। | **धनु** : खानपिनमा विचार पुर्याउनु पर्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कर्कट** : पुरानो समस्या सुल्झाउन सकिनेछ । सन्तान सुख पनि मिल्ला । | **मकर** : घरायसी समस्या बढ्नेछ, तर राजनैतिक सम्बन्ध राम्रो हुनेछ । |
| **सिंह** : दैनिक कार्यमा प्रगति हुनेछ । प्रेममा मधुरता पनि छाउनेछ । | **कुम्भ** : पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। अध्ययनमा रुचि बढ्नेछ। |
| **कन्या** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **मीन** : धनार्जनका नयाँ बाटोहरू खुल्नेछन्। मित्रको सल्लाहले बिग्रेको काम बन्नेछ। |

# कृषि

## शिक्षण र बुटिक पेसापछि 'ड्रागनफ्रुट'मा आकर्षित गौली



तनहुँको व्यास नगरपालिका(२ दमौली निवासी कल्पना गौलीले व्यावसायिक रूपमा सिउँडीफल (ड्रागनफ्रुट) खेती गरेकी छन् । उनले व्यास नगरपालिका-५ ढोडेनीमा सिउँडीफलको खेती गरेकी छन् । सोह्र वर्ष शिक्षण र १५ वर्ष बुटिक पेसा गरेपछि गौली विगत तीन वर्षदेखि कृषितर्फ आकर्षित भएकी छन् । माँ अम्बे अलौकिक कृषि फार्म गर्दा गरी उनले व्यावसायिक रूपमा ड्रागनफ्रुटखेती गरेकी हुन् । नौ रोपनी जग्गा २० वर्षका लागि भाडामा लिएर यसको खेती गरिरहेको उनले बताइन् । बेर्ना खरिद, बगान तयारदेखि अन्य संरचना निर्माणमा रु एक करोड ५० लाख खर्च भएको उनको भनाइ छ । नौ रोपनीमध्ये सात रोपनी जग्गामा सिउँडीफलको खेती गरिएको छ । बाँकी जग्गामा आवश्यक संरचना निर्माण गरिएको गौलीको भनाइ छ । गत वर्ष फार्मबाट उत्पादित सिउँडीफल, गिट्ठा, सिस्नो, पिँडालु, मस्यौरा र मौसमी तरकारीको बिक्रीबाट रु २० लाख आम्दानी भएको थियो । यसपटक चौथो छिमलको ड्रागन बजारमा पुर्याउँदा रु आठ लाख ५० हजार आम्दानी भइसकेको उनले उल्लेख गरिन् । ड्रागन बिक्रीका लागि बजारको समस्या नभएको गौलीको अनुभव छ । उनले भनिन्, 'यहाँ उत्पादित सिउँडीफल दमौली बजारमा गाडीमा राखेर बिक्री गर्ने गरेको छु । त्यस्तै प्रत्येक शुक्रबार आँबुखैरेनीमा लाग्ने हाटबजारमा पनि यसको माग उच्च छ, बजार समस्या छैन ।' आँबुखैरेनीको हाटबजारमा तीन सय किलोसम्म सिउँडीफल बिक्री हुने गरेको छ । दमौली बजारका व्यापारीहरूले पनि स्थानीयस्तरमै उत्पादित सिउँडीफल बिक्री गर्नुपर्छ भन्ने भावना विकास गरिसकेको उनको भनाइ छ । उनले भनिन्, 'बाहिरी जिल्लाबाट आएकाभन्दा स्थानीयस्तरमै उत्पादितलाई प्रोत्साहन गर्नुपर्छ भनेर व्यापारीहरूले भन्नुहुन्छ । यसले पनि मलाई यसतर्फ प्रोत्साहित गरेको छ ।' ऋषिङ गाउँपालिका-१ झापुटारमा रहेको माइतीको जग्गामा खेती गर्ने सोच बनाए पनि पानीको समस्याले ढोडेनीमा जग्गा भाडामा लिएर खेती गरेको उनको भनाइ छ । उनले भारतबाट बेर्ना मगाएर सात रोपनी जग्गामा गाडेको पाँच सय २५ पोलमा ड्रागन लगाएकी हुन् । यहाँ गोदाम, एसीसहितको कोल्डरुम, गार्डहाउस र बगान अवलोकनका लागि भ्यूटावर निर्माण गरिएको छ । सिउँडफलमा रासायनिक मल प्रयोग गरिएको छैन । यसका लागि जैविक मल प्रयोग गर्ने गरिएको गौलीको भनाइ छ ।

-रासस

## मौरीपालन व्यवसायमा ६० वर्षीय दीपकुमार

**घोराही,** उपमहानगरपालिका-१३ तुरुन्तपुरका दीपकुमार मगर मौरीपालन व्यवसायमा छन् । विगत २३ वर्षदेखि उनको दैनिकी मौरीको हेरचाहमै बित्ने गरेको छ । मौरीले राम्रै आम्दानी दिँदै आएकाले मौरीपालन व्यवसायमा उत्साह बढ्दै गएको ५९ वर्षीय मगरले बताउँछन् । व्यावसायिक रुपमा मौरीपालन गर्न थालेको दुई दशक बढी भयो । उनले भने, 'लामो समय भइसक्यो मौरीपालन गर्न थालेको आम्दानी पनि राम्रो भइरहेको छ । यसमा घरपरिवारको पनि सहयोग रहेको छ ।' मौरीपालन पूर्वाधार सामग्री उत्पादनमार्फत व्यवसायका लागि आवश्यक सामग्री उत्पादन गरी छिमेकी जिल्ला रोल्पा, सल्यान, प्यूठानलगायत जिल्लामा समेत आधुनिक सामग्री पठाउने गर्दछन । अहिले उनको फार्ममा युरोपेली, इटाली, मेरीफेरा, सेरेना जातका मौरीका घार छन्। परिश्रम र मेहनत गर्ने हो भने गाउँमै बसेर पनि राम्रो आम्दानी गर्न सकिने उनको भनाइ छ। गत वर्ष माग बढेकाले रु छ सय प्रतिकिलो बिक्री गर्ने गरेको र यो वर्ष भने खुद्रामा रु पाँच सय प्रतिकिलो



मह बिक्री गर्दै आएको उनी बताउछन । थोक बिक्रीका लागि भने जिल्ला मौरीपालन व्यवसायी सैको निणर्यअनुसार मूल्य निर्धारण गरिने उनले बताए । मौरीपालन व्यवसायबाट उनले वार्षिक रु १० लाख आम्दानी गर्न सफल भएका छन । दुई/तीन वर्ष वैदेशिक रोजगारमा रहँदासमेत मगरले विदेशमा मौरीपालन गरेको देखि प्रभावित भएर नेपाल आएपछि व्यवसाय थालेको बताए । २०५७ सालमा सुरु गर्दा जिल्लामा व्यावसायिक रुपमा मौरीपालन गर्ने किसानको सङ्ख्या १७ रहेको उनी स्मरण गर्दछन । वर्षा र अत्यधिक चिसो हुने समय ख्याल गर्ने हो भने मौरीपालनबाट राम्रो प्रतिफल लिन सकिने भन्दै उनले मह उत्पादन र घार वृद्धि पनि सँगसँगै बढाउँदै लगेको उनले बताए । गुणस्तरीय मह भएकाले अधिकांश घरबाटै बिक्री हुने गरेको मौरीपालक किसान मगर बताउछन । मौरीपालन व्यवसाय व्यावसायिक रुपमा सुरु गरेदेखि हालसम्म आम्दानीका लागि अन्य कुनै पनि स्रोत खोज्न नपरेको उनको भनुभव छ । -रासस

## जुम्ली किसानलाई स्याउ टिप्न भ्याइनभ्याई

जुम्लाका सात गाउँपालिकासहित एक नगरपालिका गरी आठवटा स्थानीय तहका स्याउ किसानलाई यो याममा बगैँचामा स्याउ टिप्न भ्याइनभ्याई भएको छ । स्याउमा परिपक्कता तथा गुलियोपन भरिएसँगै बगैंचामा स्याउ टिप्न सूरु गरिएको हो । स्याउ व्यापारी घरमै आएर खरिद गर्न थालेका छन् । पाकेको स्याउ बिक्री गर्न थालेको तातोपानी गाउँपालिका-४ का स्याउ किसान प्रेमराज पाण्डेले जानकारी दिए । बगैँचाको स्याउ टिपेर बिक्री गर्न थालिएको छ । स्याउ किसान पाण्डेले भने, " घरमै प्रतिकेजी ६५ मा बिक्री सुरु गरेका छौँ । गाउँकै स्थानीय व्यापारीले सुर्खेत, नेपालगञ्ज लैजाने गरेका छन् ।" करिब एकसय बढी स्याउका विरुवा लगाएकोमध्ये ५० प्रतिशत स्याउका विरुवाले फल दिएको छ । गत वर्षभन्दा यो वर्ष स्याउ उत्पादनमा ४० प्रतिशत कम फलेको स्याउ किसान पाण्डेको भनाइ छ । हिमा गाउँपालिकाका स्थानीय स्याउ व्यापारी प्रकाश रोकायाकाअनुसार अहिले स्याउ किसानका बगैंचामा पुगेर स्याउ खरिद गर्न थालिएको छ । पालिका भित्रका करिब छ सय काटुन स्याउ खरिद गरेको बताए । जिल्लामा कति प्रतिशत स्याउ उत्पादन भएको छ र कति प्रतिशत स्याउ बाहिरी जिल्लामा निर्यात भएको छ भन्ने तथ्याङ्क सङ्कलन गर्नेका लागि जुम्ला र कालिकोट जिल्लाको सिमानमा रहेको नाग्म प्रहरी चौकीलाई तथ्यांक संकलन गर्ने जिम्मा दिएको कृषि विकास कार्यालय जुम्लाका निमित्त प्रमुख रामभक्त अधिकारीले जानकारी दिए । गत वर्षभन्दा यो वर्ष स्याउ उत्पादन केही घटेको अनुमान गरिएको छ । सही तथ्याङ्क आउन केही समय लाग्ने भएको छ । यहाँका स्याउ किसानदेखी उद्यमी र समूहलाई ५० प्रतिशत अनुदानमा स्याउका बिरुवा दिने गरेको छ । गोल्डेन जातको स्याउ असोजदेखि राम्रोसँग पाक्ने हुँदा अहिले स्थानीय जातको र गोल्डेन जातको स्याउ मिलाएर व्यापारीले लिने गरेका छन् । विशेषगरी सडक संञ्जालसंग जोडिएका स्याउ बगैंचाकाको स्याउ संकलन गरेर व्यापारीले तराईका जिल्लामा विक्रि गर्न लगि सकेको कृषि विकास कार्यालय जुम्लाका निमित्त



प्रमुख अधिकारीको भनाइ छ । जुम्लामा चार हजार एक सय २० हेक्टर क्षेत्रफलमा स्याउ खेती हुँदा २९ सय हेक्टर क्षेत्रफलमा करिब यो वर्ष १६ हजार मेट्रिक टन स्याउ उत्पादन हुने अनुमान गरिएको छ । स्याउ निर्यातबाट जिल्लामा झन्डै ४५ करोड बढी आम्दानी हुने आंकलन छ । जुम्लाको आर्थिक समृद्धिसँग जोडिएको स्याउ खेतीको विस्तार र उत्पादन वृद्धिले पछिल्लो समय जुम्ली किसानको दिनचर्या फेरिन थालेको कृषि विकास कार्यालय जुम्लाका निमित्त प्रमुख अधिकारीको भनाइ छ । स्याउको बजार प्रवर्द्धनका लागि यहाँका कृषि समुह, सहकारीलाई १२ हजार जुम्ला एप्पल लेखेको कार्टुन ५० प्रतिशत अनुदानमा वितरण गरेको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । जिल्लामा स्थानीय जातको जुम्ली स्याउ, इटाली, गाला, गोल्डेन, फुर्जी र जोनाप्रिन्स जातका स्याउको खेती हुँदै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ जुम्लाका सुचना अधिकारी पदमराज कार्कीको भनाइ छ । यहाँका करिब १८ हजार घरधुरी स्याउ खेतीमा निर्भर रहेको परियोजनाले जनाएको छ । तरकारी खेतीबाट स्वरोजगार बन्दै जुम्लाका महिला पछिल्लो समयमा तरकारी खेतीबाट यहाँका महिला स्वरोजगार बन्दै गएकाछन् । यहाँको तिला गाउँपालिका-८ स्थित जुम्लाकोट गाउँका महिला तरकारी खेतीबाट मनग्य आम्दानी गर्दै आएकाछन् । केही वर्ष अगाडि तरकारी खेतीमा कुनै रुचि नराखेका यहाँका महिला अहिले विभिन्न प्रकारका सीपमुलक तालिमदेखी तरकारी खेती लगाउने प्रविधिकको ज्ञान प्राप्त भएपछि यहाँका महिला तरकारी खेतीतर्फ आकर्षित भएको स्थानीयवासि शोभा बस्नेतको भनाइ छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपाल जुम्लाले संचालन गरेको पोषण तथा उन्थानशिल जिविकोपार्जन परियोजना लागुभएदेखी गाउँका महिलाको आय आर्जनमा सुधार ल्याएको छ । स्थानीयवासि बस्नेतले भने, "गाउँमै जलवायु मैत्री कृषिक पाठशाला स्थापना गरी तरकारीखेती गरेर गाउँकै महिला आत्मनिर्भर बनेका छन् । कृषक समूह मार्फत मौसमी तथा बेमौसमी तरकारीखेती गरेर गत आर्थिक वर्षमा एक लाख आम्दानी लिन सफल भएको बस्नेतले जानकारी दिए ।" तरकारीखेतीबाट स्वरोजगार बन्नुका साथै आम्दानी लिन सफल भएका छौ । यसले आर्थिक समस्या टार्न सहयोग मिलेको छ । अहिले विशेषगरी उत्पादन गरेको गोलभेडा पालिकाको रारासेरी बजार, नाग्म र जुम्ला सदरमुकाम खलंगा बजारसम्म पुग्ने गरेको छ । अहिले गाउँमै गोलभेडाको प्रतिकेजी ४० रुपैयाँमा विक्रीहुने गरेको छ । खनजोत लगायतमा प्रयोग हुने हाँते ट्याक्टर परियोजनाबाट पाएपछि काम गर्न सहज भएको उक्त गाउँका स्थानीयवासि लक्ष्मी रावतको भनाइ छ । जलवायु मैत्री कृषि प्रविधिबाट गड्यौल मल, गर्मी वास, छापो विधि, झोल मल, प्लाष्टिक हाउस, पानी पोखरी, कम्पोष्ट मल र वायोचारको प्रयोग गरेर तरकारी खेतीबारे परियोजनाले यहाँका कृषि समुहलाई तालिमदेखी प्रविधिक सिपमुलक तालिम दिएको किर्डाक जुम्लाका मुल्यांकन तथा अनुगमन अधिकृत ललित डाँगीले बताए । तरकारी खेतीलाई प्राथमिकता दिएका गाउँका कृषकलाई यातायातको राम्रो सुविधा नहुँदा समस्या भएको छ । उत्पादित तरकारी बजारसम्म ढुवानी गर्न समस्या भएको यहाँका स्थानीयवासि बताउँछन् ।

-इहिमालय टाइम्स डटकम

## निगुरो बेचेरै छोराछोरीको पढाइदेखि घरखर्चसम्म

बराहक्षेत्र नगरपालिका-१० प्रकाशपुरकी सरिता उराँव जङ्गलमा पाइने निगुरोको आम्दानीबाट आफ्ना छोराछोरीको पढाइदेखि घरखर्चसम्म धान्दै आएकी छिन् । दिनमा रु तीन सयदेखि रु सात सयसम्मको निगुरो बिक्री गर्ने उराँवले यसबाट दुई छोराछोरीको विद्यालय खर्च, खाजा खर्चका साथै घरमा दैनिक प्रयोग गरिने नुनतेल किन्नेदेखि लिएर दैनिक आवश्यकता पूरा गर्ने गरेको बताइन् । उनले भनिन्, "निगुरोमा कुनै लगानी गर्नु पर्दैन, जङ्गलबाट टिपेर ल्याएर बेच्दा फाइदा हुन्छ, बिनालगानी पैसा कमाउन सकिन्छ तर बिहानै जान पाए धेरै पाइन्छ, छोराछोरीलाई स्कुल पठाउनुपर्ने भएकाले दिउँसोमात्र निगुरो जङ्गल टिप्न जान पाउँछु ।" उनले निगुरो रामधुनीको जङ्गलभित्रबाट टिपेर ल्याई रामधुनी मन्दिर नजिकै सडक छेउमा दिनभर बेचेर बेलुका घर पर्कने गरेको सुनाइन् । उनका अनुसार धेरै सङ्कलन भएको दिन इटहरी, इनरुवा, झुम्कालगायतका व्यापारीले आएर लैजाने गरेका छन् भने थोरै भए बाटो हिँड्नेले नै खरिद गर्ने गरेको उनले बताइन् ।



सङ्कलन गरेको निगुरो सानो मुठा रु २० मा बिक्री हुने गरेको छ भने अलिक ठूलो मुठा रु ५० मा बिक्री हुने गरेको उनले बताइन् । तीन वर्ष अगाडिदेखि निगुरो बेच्न सुरु गर्नुभएको उराँवले दसैं, तिहारको समयमा भने बढी आम्दानी हुने गरेको बताइन् । दसैंतिर धेरै मानिस घरायसी काममा व्यस्त हुने भएकाले जङ्गल जान पाउँदैनन् । त्यो समयमा भने निगुरो टिप्न सजिलो हुने उनले बताए । दसैं तिहारको आधा खर्च यही निगुरो बिक्रीबाटै जुटाउँछु, निकै सहयोग पुग्छ मलाई । उराँवका अनुसार जङ्गलबाट टिपेर ल्याइने निगुरो पूर्ण अर्ग्यानिक हुने भएकाले स्वादिलो मात्र नभई स्वास्थ्यका लागि लाभदायी पनि हुन्छ । जति धेरै टिपे पनि बिग्रने चिन्ता हुन्न, सबै बिक्री भइहाल्छ । उनले भनिन्, "अहिलेको सिजनमा बारीमा सागसब्जी रोपेर बेच्नुभन्दा निगुरो टिपेर बेच्दा धेरै फाइदा हुन्छ ।" उनले चैतदेखि असोज, कात्तिकसम्म निगुरो टिप्ने मौसम हुने बताइन् । यसैबाट छोराछोरीको स्कुलको खाजा खर्च, नुनतेलदेखि लिएर कहिलेकाहीँ बजार जाने खर्चसमेत पुग्ने बताइन् । बराहक्षेत्र क्षेत्रमा सरिता उराँवजस्ता धेरै परिवारका लागि जङ्गलबाट निगुरो सङ्कलन गरी आयआर्जनको प्रमुख स्रोत बनेको छ । जङ्गलमा पाइने यस्ता अर्ग्यानिक वनस्पतिले सिजनअनुसार स्थानीय महिलालाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याएको छ । रामधुनी मन्दिर नजिकैको सडकमा बिहान निगुरो बेच्ने एक दर्जनभन्दा बढी महिलाहरू भेटिन्छन्, उनीहरू निगुरो बेचेरै घरखर्च टार्ने गरेको बताउँछन् । -रासस

# आज खग्रास चन्द्रग्रहण



**पाल्पा,** भदौं २१/भाद्र शुक्ल पूर्णिमाका दिन आज आइतबार राती खग्रास (पूरै ढाकिने) चन्द्रग्रहण लाग्ने भएको छ । राति १० बजेर ११ मिनेटमा स्पर्श गर्ने र राति ०१:४१ बजे ग्रहण सकिने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

ग्रहणले राति १० बजेर ११ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ । राति ११:५६ मा चन्द्रग्रहणको मध्य हुनेछ । यो ग्रहण विसं २०८२ को पहिलो ग्रहण हो । यसै वर्ष आगामी फाल्गुन शुक्ल पूर्णिमामा पनि खण्डग्रास चन्द्रग्रहण लाग्ने समितिले जनाएको छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रूपमा भोजन निषेध गरिएको छ । भदौ २२ गते आइतबार दिउँसो १३:११ बजेपछि बाल, वृद्ध र आतुर बाहेकले भोजन गर्नुहुँदैन । चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औँसी तिथिमा लाग्ने गर्छ । एउटा ग्रह वा ग्रहबिम्बको छायाले अर्को बिम्बलाई छेक्ने अवस्थालाई ग्रहण भनिन्छ । चन्द्रबिम्बले सूर्यको प्रकाशलाई छेक्दा सूर्यग्रहण र पृथ्वीको छायाले चन्द्रमालाई छेकेको अवस्थामा चन्द्रग्रहण हुन्छ । सूर्यग्रहण औँसी तिथिका दिन र चन्द्रग्रहण पूर्णिमा तिथिका दिन मात्र सम्भव रहन्छ । सबै औँसी र पूर्णिमामा पनि ग्रहण लाग्दैनन् । किनकि पृथ्वी, सूर्य र चन्द्रमा एक सरल रेखामा पर्नुपर्छ र कोणीय अन्तर पनि शून्य हुनुपर्छ । सामान्यतया ग्रहणलाई नराम्रो रूपमा व्याख्या गरिएको पाइएता पनि यो प्रकृतिको एउटा सामान्य प्रक्रिया हो तथापि केही हदसम्म मानवको संवेग, व्यवहार र सामाजिक अन्तरक्रिया पद्धतिहरूमा असर पर्न सक्ने सनातन ठहर छ ।

राष्ट्रिय सङ्कट, सामाजिक पृष्ठभूमि आदि इत्यादिसँग ग्रहणलाई जोडेर हेर्ने चलन भएता पनि चन्द्र ग्रहणको असर केवल व्यक्तिगत पक्षमा मात्र रहेको बताइन्छ । ग्रहण पश्चात् दानपूण्यका काम गर्ने, ग्रहण अवधिभर खानपिन नगर्ने, कीर्तन भजन गर्ने चलन सदियौँदेखि चलिआएको छ । ग्रहणपछि खोला या तीर्थस्थलमा स्नान गर्ने चलन पनि छ ।

## आज निजामती...

...मुलुकी प्रशासनको मियोका रूपमा रहेको निजामती सेवा सरकारको अपरिहार्य कार्यकारी अङ्ग हो । उसले राज्यका अन्य सेवाहरूको तुलनामा महत्वपूर्ण भूमिका र कार्य-जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । निजामतीलाई खासगरी नागरिकले हाम्रो हितमा काम गर्दैनन्, सेवामुखी हुन सकेनन बरु उल्टो शासकजस्तै बन्न खोजेको भन्ने आक्षेप पनि लाग्दै आएको छ । जनतालाई सरल, सहज र पारदर्शी ढङ्गले सेवा दिन सूचना प्रविधिमैत्री सेवा प्रदानको प्रणाली विकास र अनुशरण गर्न सकिएमा सेवाको साखलाई उँचो बनाउन सहयोग पुग्ने निजामती कर्मचारीको भनाइ छ । अर्कातर्फ योग्यता, क्षमता र आवश्यकताका आधारमा नभई राजनीतिक आग्रह पूर्वाग्रहका आधारमा हुने अवसर, सरुवा, बढुवा र पुरस्कारले सक्षम व्यक्ति ओझेलमा परेको गुनासो समेत निजामती सेवामा प्रशस्त सुनिदैआएको छ । निजामती सेवा काविल नभई सरकार वा राजनीतिक कहिले सफल नहुने भएकाले राजनीति र प्रशासनबीचमा सुमधुर सम्बन्ध अहिलेको आवश्यकता रहेको नेपालको निजामती प्रशासनका भुक्तभोगी बताउँछन् । हाल निजामती सेनाका राष्ट्र सेवक कर्मचारी सै, प्रदेश र स्थानीय तहमा बाँडिएर काम गरिरहेका छन् ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
कालिगण्डकी कोरिडोर (गैंडाकोट राम्दी मालढुङ्गा) सडक योजना
पाल्पा

जनहितमा जारी सूचना

वर्षायाम शुरु भएसँगै अविरल परिरहने वर्षाको कारण जमिन कमजोर भई पहिरो जाने, ढुङ्गा खस्ने, सडक भासिने तथा सडकमा बाढी आउने जस्ता जोखिम रहन्छ । अत: यस्तो अवस्थामा सडक यात्रा गर्दा आफ्नो जिउधनको रक्षा गर्न सजग बनौं ।
अनावश्यक रुपमा यात्रा नगरौं । कतै यात्रा गर्नुपरेमा यात्राअघि बाटोको अवस्था बारे संचार माध्यम, स्थानिय प्रहरी वा सडक विभागको वेबसाईट हेरेर जानकारी लिऔं।
जमिन चर्किएको तथा ढुङ्गा माटो झरिरहेको स्थानमा गाडी पार्किङ्ग गर्ने, साईड दिने जस्ता कार्य नगरौं ।
कतै पहिरो गए सम्बन्धित निकायमा अविलम्ब जानकारी गराई सुरक्षित स्थानमा बसौं ।
आफु र आफन्तको यात्रा सुरक्षित बनाउनु सबैको साझा कर्तव्य ठानेर सहयोगको भावनासाथ एकजुट भई काम गरौं ।

आयोजना प्रमुख

खेलकुद समाचार

## ललितपुर क्वीन्सको लगातार दोश्रो जीत



**काठमाडौं**, भदौ २१/पोखरामा चलिरहेको दोस्रो संस्करणको एभरेस्ट महिला भलिबल लिगमा ललितपुर क्वीन्सले लगातार दुई खेलमा जितेको छ । पोखराको बहुउद्देश्यीय कभर्डहलमा भएको आफ्नो दोस्रो खेलमा ललितपुरले काठमाण्डौ स्पाइकर्सलाई ३-० को सोझो सेटमा हरायो । ललितपुरले पहिलो सेट २५-१९, दोस्रो सेट २५-२३ र तेस्रो सेट २५-२१ ले जित्यो । ललितपुरले मधेश युनाइटेडलाई ३-० को सोझो सेटमा हराएको थियो । यस्तै अहिले कर्णाली यशविस र लुम्बिनी लाभासको खेल चलिरहेको छ भने बेलुकी ५ बजे पोखरा निन्जाज र मधेश युनाइटेड खेल्दैछन् । प्रतियोगितामा छ वटा टोली रहेका छन् । सिङ्गल राउन्ड रोबिनका आधारमा भइरहेको प्रतियोगिताको फाइनल खेल भदौ २८ गते हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## रोपाइँ सकिएपछि बल्ल आयो मल




**पाल्पा,** भदौ २१/धान रोपाइँ गर्ने बेला चाहिने रासायनिक मल रोपाइँ सकिएपछि भटाभट नेपाल भित्रिन थालेको छ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले रासायनिक मल धमाधम आयात गर्न थालेका छन् ।

यी कम्पनीले चालु आर्थिक वर्ष २०८२/८३ को कोटामध्येको रासायनिक मल आयात प्रक्रिया थालेका हुन् । साल्ट ट्रेडिङका सूचना अधिकारी कुमार राजभण्डारीका अनुसार अहिले बजारमा मल भित्रिने क्रम जारी रहेको र केही प्रक्रियागत चुनौतीबीच आपूर्तिलाई निरन्तरता दिइएको छ । राजभण्डारीका अनुसार चालु आवका लागि कर्पोरेसनसँग कुल १ लाख ८० हजार टन मलको कोटा छ । जसमा १ लाख ३० हजार टन युरिया, ४२ हजार ३ सय टन डीएपी र ७ हजार ५ सय टन एमओपी (पोटास) मलको कोटा छ । राजभण्डारीले कर्पोरेसनसँग करिब २५ हजार टन मल मौज्दात रहेको बताए । यसैगरी राजभण्डारीले गत वर्षको बाँकी १५ हजार टन युरिया नेपाल भित्रिने क्रममा रहेको बताए । साथै, २९ हजार १ सय ५० टन डीएपी पनि भित्रिँदै गरेको जानकारी उनले दिए । पोटास मल आयातमा भने केही प्रक्रियागत अडचन देखिएको उनको भनाइ छ । राजभण्डारीका अनुसार ७ हजार ५ सय टन पोटास भारत आइपुगे पनि त्यहाँबट नेपाल ल्याउन पुन: निर्यात अनुमति लिनुपर्ने प्रक्रियामा रहेको छ । यो लाइसेन्स प्राप्त भएपछि मात्रै उक्त मल नेपाल भित्र्याउन सकिने उनले स्पष्ट पारे । यस्तै कृषि सामग्री कम्पनीले गत वर्षको मौज्दातसहित चालु आवका लागि कुल ३ लाख २९ हजार १ सय ५० टन मल खरिद गर्न टेन्डर गरिसकेको छ । जसमध्ये २ लाख २१ हजार ६ सय ५० टन मलका लागि आपूर्तिकर्ताहरूसँग सम्झौता भइसकेको कम्पनीका सूचना अधिकारी विष्णु पोखरेलले जानकारी दिए । रासायनिक मल धान बालीमात्र नभई मकै, उखु, केरा, चिया, तरकारी लगायतमा वर्षभरि नै आवश्यक पर्ने भएकोले बाह्रै महिना यसको बिक्री हुने गरेको पोखरेलले स्पष्ट पारे ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई